# बेनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी

गण्डकी प्रदेश, नेपाल


प.स.: २०८०/८१

च.नं:

**प्रथम पटक प्रकाशित मिति: २०८०।१२।२३ गते**

## चमेना गृह सञ्चालन सम्बन्धी सूचना !

यस कार्यालयको परिसरमा सञ्चालनमा रहको चमेना गृहको सञ्चालकसँगको सञ्चालन सम्झौता अवधि २०८० चैत्र मसान्त सम्म रहेकोले तत् पश्चात् आगामी दुई वर्षका लागि यस नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी एवम् काम विशेषले कार्यालयमा आउने सेवाग्राही स्वयमले भुक्तानी गर्ने गरी तपसिल बमोजिमको शर्तको अधिनमा रही खाजा/खाना उपलब्ध गराउने गरी चमेनागृह सञ्चालन गर्नुपर्ने भएको हुँदा इच्छुक फर्मले मिति २०८१।०१।०८ गते सम्ममा तपसिलको शर्त अनुसार कार्यालय समयभित्र खाजा/खानाको परिकार तथा इकाई अनुसारको दररेट सहितको विवरण खामबन्दी गरी यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन सूचित गरिन्छ।

**तपसिल:**

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (२०८१।०१।०७) सम्म रु १००० (अक्षेरुपी एक हजार रुपैयाँ मात्र) दस्तुर फिर्ता नहुने गरी तिरी कार्यालय समयभित्र दरभाउपत्र खरिद गर्न सकिनेछ।

२. दरभाउपत्र नियमानुसार सूचना प्रकाशित मितिले १६ औं दिन (मिति २०८१।०१।०८ गते) को १२ बजे भित्र यस नगर कार्यपालिकाको कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। यसरी दर्ता हुन आएका दरभाउपत्र सोही दिनको २ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन। उक्त दिन सार्वजानिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

३. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त राखी पेश भएको दरभाउपत्रलाई मान्यता दिइने छैन।

४. खामबन्दी दररेटका साथ फर्म दर्ताको प्रमाणपत्र, सञ्चालकको नागरिकताको प्रमाणपत्र, स्थायी लेखा दर्ताको प्रमाणपत्र र आ.व. २०७९।८० को कर चुक्ताको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ।

५. चमेनागृह सञ्चालनका लागि मासिक न्यूनतम रु ३३,००० (अक्षेरुपी तेत्तिस हजार रुपैयाँ मात्र) भाडा कायम गरिएको छ।

६. दरभाउपत्र पेश गर्ने फर्म संस्था तथा व्यवसायीले रु ३३,००० (अक्षेरुपी तेत्तिस हजार रुपैयाँ मात्र) बराबरको रकम यस नगरपालिकाको नेपाल बैंक लिमिटेडमा भएको खाता नं. ०६३०३०००००३०००००००१ मा धरौटी जम्मा गर्नुपर्नेछ।

७. सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले कबोल गरेको रकमको कम्तिमा तीन महिना बराबर रकम जमानत राखेपछि मात्र दुई वर्षका लागि सम्झौता गरिनेछ।

८. यस सूचनामा उल्लिखित शर्तहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

***नोट: विस्तृत जानकारीका लागि यस कार्यालयको वेभसाइट: benimun.gov.np मा समेत हेर्न सकिनेछ।***

२०८०/१२/२३

**युवराज थापा**

**नि. प्रमुख प्रशासकीय अधिकृत**


फोन नं-०६९-५२१०९५/५२०१२०फ्याक्स नं. ०६९-५२१०९५वेबसाइटः www.benimun.gov.np

इमेल: info@benimun.gov.np, benimunicipality@gmail.com फेसबुकः www.facebook.com/beninagarpalika